# विद्युत् प्रसारण तथा वितरण प्रणालीमा खुल्ला पहुँच सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०८३

आयोगको मिति २०८३/०६/०२ को ३२०औं बैठकबाट स्वीकृत)

विद्युत् नियमन आयोग
काठमाडौँ

# विद्युत् प्रसारण तथा वितरण प्रणालीमा खुल्ला पहुँच सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०८३

“विद्युत् प्रसारण तथा वितरण प्रणालीमा खुल्ला पहुँच सम्बन्धी निर्देशिका, २०८२” मा संशोधन गर्न वाञ्छनीय भएकोले, विद्युत् नियमन आयोग ऐन २०७४ को दफा ४३को अधिकार प्रयोग गरी आयोगले देहाय बमोजिमको निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो निर्देशिकाको नाम “विद्युत् प्रसारण तथा वितरण प्रणालीमा खुल्ला पहुँच सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०८३” रहेको छ।

(२) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ।

२. **“विद्युत् प्रसारण तथा वितरण प्रणालीमा खुल्ला पहुँच सम्बन्धी निर्देशिका, २०८२(यसपछि “मूल निर्देशिका” भनिएको) को दफा ३३ मा संसोधन:** मूल निर्देशिकाको दफा ३३ को उपदफा(२) र उपदफा(५) को सट्टा देहायका उपदफा (२) र उपदफा (५) राखिएका छन्:-

“(२) दीर्घकालीन वा मध्यकालीन खुला पहुँच बापतको प्रसारण शुल्कको मासिक दर देहाय बमोजिम गणना गरिनेछ: -”

“(५) अल्पकालिन खुल्ला पहुँच बापतको प्रसारण शुल्कको दर देहाय बमोजिम गणना गरिनेछ।

$$= \frac{\text{प्रसारण प्रणालीको कुल आवश्यक आय (रुपैँया)}}{\text{प्रक्षेपित अधिकतम ("मेगावाट")} \times ८७६० \times १०००}$$

३. **मूल निर्देशिकामा दफा ४२(क) थप गरिएको:** मूल निर्देशिकाको दफा ४२ पछि देहायको दफा ४२(क) थप गरिएको छ:-

**“४२(क) खुला पहुँच शुल्कमा छुट दिन सक्ने:** यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि, खुला पहुँचको प्रारम्भिक परीक्षण चरणमा अल्पकालीन खुला पहुँच ग्राहकका हकमा दफा ३३, ३४, ३६, ३७, ३८ र ३९ बमोजिम लाग्ने खुला पहुँच शुल्कमा आयोगले आवश्यकता अनुसार छुट दिन सक्नेछ।

४. **मूल निर्देशिकाको अनुसूचीमा ३ मा संसोधनः** मूल निर्देशिकाको अनुसूची-३ को सट्टा देहायको अनुसूची-३ राखिएको छ:-

अनुसूची-३

(दफा ५१ सँग सम्बन्धित)

<u>मुख्य गतिविधिको समयसीमा</u>

यो निर्देशिका प्रारम्भ भएको देहायबमोजिमको समयसीमाभित्र देहायबमोजिमका निकायहरूले देहाय बमोजिमको कार्य सम्पन्न गर्नुपर्नेछः

| **क्र. सं.** | **जिम्मेवार निकाय** | **सम्पन्न गर्नुपर्ने कार्य** | **समयसीमा** |
|---|---|---|---|
| १ | विद्युत् नियमन आयोग | खुल्ला पहुँच सम्बन्धी गुनासो समाधान सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने | १ वर्ष |
| २ | विद्युत् नियमन आयोग | ब्यालेन्सिङ् तथा सेटलमेन्ट सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने | १ वर्ष |
| ३ | विद्युत् नियमन आयोग | डेभिएसन सेटलमेन्ट संयन्त्र सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने | १ वर्ष |
| ४ | विद्युत् नियमन आयोग | मिटरिङ्ग सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने | १ वर्ष |
| ५ | विद्युत् नियमन आयोग | ग्रिड आबद्धता (कनेक्टिभिटी) सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने | १ वर्ष |
| ६ | विद्युत् नियमन आयोग | क्याप्टिभ विद्युत् उत्पादन निर्देशका तयार गरी लागू गर्ने | १ वर्ष |
| ७ | विद्युत् नियमन आयोग | खुल्ला पहुँच सम्बन्धी शुल्क निर्धारण | १ वर्ष |
| ८ | नोडल एजेन्सी | खुल्ला पहुँच सम्झौताको ढाँचा तयार गरी लागू गर्ने | १ वर्ष |
| ९ | नोडल एजेन्सी | खुल्ला पहुँच सम्बन्धी कार्यविधि तयार गरी लागू गर्ने | १ वर्ष |
| १० | प्रसारण तथा वितरण अनुमतिपत्र प्राप्त व्यक्ति | इन्टरफेस मिटरको जडान गरी आफ्नो प्रणालीको विभाजन गर्ने र आयोगलाई लिखित जानकारी दिने। | खुल्ला पहुँचको प्रयोग गर्नु भन्दा ३० दिन अगावै |